भानु नगरपालिकाको आधिकारीक त्रैमासिक प्रकाशन

# भानु नगरपालिका बुलेटिन

"साहित्य, पर्यटन र कृषि क्षेत्र हाम्रो, पारौँ समृद्ध र समुन्नत भानु राम्रो"

वर्ष : २ | अङ्क : ३ (श्रावण, भाद्र, आश्विन) | मिति : २०८२/०६/३१

संरक्षक : आनन्द राज त्रिपाठी/उमा गोतामे | प्रधान सम्पादक : सुरज श्रेष्ठ | सम्पादन संयोजक : सुनिल पाण्डे

सम्पादन समितिः नवराज लौडारी, कृपाहरी लौडारी, विपिन श्रेष्ठ, राजिव धिमिरे




## १५७ औं स्मृति दिवस भानु समाधी स्थलमा आयोजना

नेपाली साहित्यका धरोहरा आदिकवि भानुभक्त आचार्यको १५७ औँ भानु स्मृति दिवस को उपलक्ष्यमा मिति २०८२ असोज ६ गते सरसफाइ तथा श्रद्धाञ्जलि कार्यक्रम सम्पन्न भएको छ । । आदिकवि भानुभक्त आचार्यको जन्म वि.सं. १८७१ साल असार २९ गते तनहुँ चुँदीरम्घामा भएको थियो भने उहाँको निधन वि.सं. १९२५ साल असोज ६ गते निधन भई उहाँको समाधि तनहुँ सतिघाटमा भएको थियो । यस स्मृति दिवसले महान् साहित्यकार भानुभक्त आचार्यको योगदानलाई सम्झना गर्दै साहित्य, संस्कृति र नेपाली पहिचानलाई अझ सशक्त बनाउन सबैमा प्रेरणा जगाउने विश्वास लिइएको छ।



## प्रमुख प्रशासकीय अधिकृत सुरज श्रेष्ठज्यूको स्वागत

भानु नगरपालिकामा सरुवा भई आउनुभएका प्रमुख प्रशासकीय अधिकृत श्री सुरज श्रेष्ठज्यूलाई एक समारोहबीच हार्दिक स्वागत गरिएको छ।

स्वागत कार्यक्रममा नगर प्रमुख श्री आनन्द राज त्रिपाठीज्यूले नयाँ प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठलाई स्वागत गर्दै उहाँको अनुभव, दक्षता र नेतृत्वले नगरको प्रशासनिक कार्यक्षमता, सेवा प्रवाह तथा विकास-निर्माणलाई अझ प्रभावकारी





बनाउन सहयोग पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रमका वक्ताहरूले पनि सुशासन, पारदर्शिता, नागरिकमैत्री सेवा प्रवाह र दिगो विकासका लक्ष्यहरू हासिल गर्न श्रेष्ठज्यूको कार्यकाल महत्वपूर्ण र फलदायी रहने अपेक्षा व्यक्त गरेका छन्।

भानु नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत सुरज श्रेष्ठज्यूलाई सफल कार्यकालका लागि हार्दिक शुभकामना प्रदान गरिएको छ।

## भुमिहिन तथा अव्यवस्थित बसोबासीको जग्गा नापजाच सुरु

भानु नगरपालिका वडा नं ३ को खहरेसाठीमा सोहि वडाका वडा अध्यक्ष तुल कुमार गुरुङ्ग ज्युको अध्यक्षतामा भुमिहिन दलित, भुमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको जग्गा नापजाँचको सुरुवात मिति २०८२/०५/१६ गते गरिएको छ। उक्त कार्यको यस अघिनै वडा न १ र २ मा सफलतापुर्बक नापजाँच गरिएको र बाकी वडामा क्रमशः गरिनेछ ।

भानु नगरपालिका प्रमुख आनन्दराज त्रिपाठीज्युको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा विशिष्ट अतिथिको रुपमा नगर उपप्रमुख उमा गोतामे, भुमी समस्या समाधान आयोगका अध्यक्ष गोविन्द सिलवाल,सदस्य आशा थापा, भानु न.पा प्रमुख प्रशासकीय अधिकृत गौतम भण्डारी, जिल्ला नापी कार्यालय प्रमुख विजय कुमार सिह, जिल्ला मालपोत कार्यालयका प्रमुख केशव घिमिरे , भानु नगरपालिकाका विभिन्न राजनितिक दलका प्रतिनिधि,विभिन्न क्लबका प्रतिनिधि, टोल विकास समितिका प्रतिनिधी, कर्मचारी, सुरक्षा निकायका प्रतिनिधि लगाएत सरोकारवालाको उपस्थिती रहेको थियो ।

नापजाँचको मुख्य उद्देश्य :-

- ❖ भुमिहिन तथा अव्यवस्थित बसोबासीलाई सुरक्षित आवासको अधिकार सुनिश्चित गर्ने ।
- ❖ दीर्घकालीन भूमि व्यवस्थापनमार्फत् सामाजिक न्याय कायम गर्ने ।
- ❖ नगरपालिकाभित्र अव्यवस्थित रूपमा भएको बसोबासलाई व्यवस्थित गरी आधारभूत सेवामा सहज पहुँच सुनिश्चित गर्ने ।
- ❖ दलित, विपन्न र वञ्चित समुदायलाई कानूनी रूपमा जग्गा स्वामित्व उपलब्ध गराउने।

## सहकारी संस्थाका प्रमुखहरूसँग छलफल सम्पन्न

भानु नगरपालिका नगर प्रमुख श्री आनन्द राज त्रिपाठीज्यूको अध्यक्षतामा भानु नगरपालिका भित्रका सहकारी संस्थाका प्रमुख तथा प्रतिनिधिहरूसँग जेन्जीको आन्दोलनका कारण



परेको क्षतिपूर्ति र प्रभावित क्षेत्रमा सहयोग गर्ने उद्देश्यका साथै सहकारी क्षेत्रसँग सम्बन्धित अन्य विविध विषयमा केन्द्रित छलफल भएको छ ।

मिति २०८२/०६/२४ गते सम्पन्न उक्त कार्यक्रममा नगर प्रमुख त्रिपाठीज्यूले सहकारी संस्थाहरूलाई सामाजिक उत्तरदायित्वका साथ जनहितका काममा सहभागी हुन अनुरोध गर्दै सहकार्य र सहजीकरणका माध्यमबाट समस्याको समाधान खोज्नुपर्नेमा जोड दिनुभयो । सहभागी प्रतिनिधिहरूले प्रभावित क्षेत्रमा सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।



वर्ष : २ | अङ्क : ३ (श्रावण, भाद्र, आश्विन) | मिति : २०८२/०६/३१

## नवनियुक्त कर्मचारीहरुलाई पद तथा गोपनियताको शपथ ग्रहण

भानु नगरपालिकामा नवनियुक्त कर्मचारीहरुलाई पद तथा गोपनियताको सपथ ग्रहण गराउनु हुदै वरिष्ठ प्रशासकीय अधिकृत सुनिल पाण्डे सर ।







## कर्मचारी बैठक सम्पन्न

नयाँ आर्थिक वर्ष २०८२/८३ को प्रारम्भसँगै भानु नगरपालिकामा यस आ.ब.को पहिलो कर्मचारी बैठक सम्पन्न भएको छ ।

बैठकमा कार्यालय सञ्चालन, वार्षिक योजना कार्यान्वयन, सेवा प्रवाहमा सुधार, तथा अनुशासनात्मक कार्यशैली सम्बन्धी विविध विषयमा छलफल गरिएको थियो । नगरप्रमुख,उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरू तथा सम्पूर्ण कर्मचारीको उपस्थिति रहेको बैठकले आगामी कार्ययोजना तय गर्दै सेवा प्रभावकारिता वृद्धि गर्न आ-आफ्नो जिम्मेवारीमा प्रतिबद्धता जनाइएको छ ।






## प्रमुख प्रशासकीय अधिकृत गौतम भण्डारीज्यूको बिदाइ सम्पन्न



भानु नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारीज्यूको औपचारिक बिदाइ कार्यक्रम २०८२ भाद्र १८ गते, बुधबार सम्पन्न भएको छ । विगत आठ महिनादेखि भानु नगरपालिकामा कार्यरत रहनुभएका भण्डारीज्यूको सरुवा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णय अनुसार लुम्बिनी प्रदेशअन्तर्गत बर्दिया जिल्लाको बारबर्दिया नगरपालिकामा भएको हो । भानुमा कार्यरत छोटो अवधिमै उहाँको सेवाग्राहीमैत्री कार्यशैली, मितव्ययिता, सादा जीवन र प्रशासनिक कुशलताले स्थानीय जनप्रतिनिधि, कर्मचारी तथा नगरवासी सबैमा विशेष प्रभाव पारेको बताइएको छ । उहाँको बौद्धिकता, मिलनसारिता, मृदुभाषिता र उच्च विचारले उहाँलाई एक कुशल प्रशासकको रूपमा स्थापित गरेको सहकर्मीहरूले उल्लेख गरे ।



बिदाइ समारोहमा नगर प्रमुख श्री आनन्द राज त्रिपाठीज्यूको अध्यक्षता रहेको थियो। कार्यक्रममा जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी र स्थानीय नागरिक समाजका प्रतिनिधिहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

कार्यक्रममा नगर प्रमुख त्रिपाठीज्यूले



भण्डारीज्यूको छोटो कार्यकालभित्रै नगरमा प्रशासकीय सुधार, सुशासन र नागरिकमैत्री सेवा प्रवाहमा देखिएको सकारात्मक परिवर्तनको प्रशंसा गर्दै उहाँको आगामी व्यक्तिगत, पारिवारिक र पेशागत जीवनमा निरन्तर सफलता र प्रगतिका शुभकामना व्यक्त गर्नुभयो ।

## वार्षिक समिक्षा कार्यक्रम सम्पन्न



भानु नगरपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा सम्पादित भएका विभिन्न स्वास्थ्य कार्यक्रमहरूको समीक्षा गर्ने उद्देश्यका साथ पालिका स्तरीय वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको छ।

भानु नगरपालिका स्वास्थ शाखा प्रमुख ऐश्वर्य चद्र भट्टराई ज्युको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नगर उपप्रमुख उमा गोतामे ज्युको विशेष उपस्तिथि रहेको थियो। अतिथिमा प्रमुख प्रशासकीय अधिकृत,प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख अमर दवाडी,ज.स्वा.नि मोहदृत्त ढकाल, परिवार नियोजन सुपरभाइजर सुदिप कडेल, स्वास्थ्य शाखा कर्मचारी, स्वास्थ्य संस्था प्रमुख, स्वास्थ्यकर्मी लगायत सरोकारवालाहरूको सक्रिय सहभागिता रहेको थियो।

मिति २०८२/०५/४ र ५ गते सम्पन्न उक्त समीक्षा कार्यक्रममा मातृ तथा नव शिशु , खोप सेवा, परिवार नियोजन, पोषण, महामारी रोग नियन्त्रण, जनचेतना अभिवृद्धि लगायतका क्षेत्रमा भएका उपलब्धि, चुनौती र सिकाइबारे छलफल गरिएको थियो।

कार्यक्रममा बोल्नु हुँदै प्रमुख प्रशासकीय अधिकृत गौतम भण्डारी ज्युले आगामी वर्षका लागि स्वास्थ्य सेवा अझ प्रभावकारी बनाउन योजना तथा रणनीतिहरू तय गरि कार्यक्रमको सूक्ष्म विश्लेषण गर्दै कार्ययोजना तयार पार्न निर्देशन दिनुभयो।कार्यक्रमको सहजीकरण जनस्वास्थ्य निरीक्षक शुभाष रेग्मीले गर्नुभएको थियो।





भानु नगरपालिका बुलेटिन

वर्ष : २ अङ्क : ३ (श्रावण, भाद्र, आश्विन) मिति : २०८२/०६/३१

## स्तनपान सप्ताह सफलता पूर्वक सम्पन्न

“स्तनपानलाई प्राथमिकता दिऔँ : दिगो समर्थन प्रणाली निर्माण गरौँ” भन्ने मूल नाराका साथ श्रावण १६ देखि २२ गते (ब्गनगकत १–७) सम्म भानु नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा “स्तनपान सप्ताह” विभिन्न कार्यक्रमहरूका माध्यमबाट सफलता पूर्वक मनाइएको छ ।
कार्यक्रमको उद्देश्य मातृ तथा शिशु स्वास्थ्यको प्रवर्द्धन, स्तनपानको महत्त्वबारे जनचेतना अभिवृद्धि गर्नु र समुदायमा सकारात्मक व्यवहार परिवर्तन ल्याउनु रहेको थियो। सप्ताह भरि विभिन्न स्वास्थ्य संस्था तथा समुदायस्तरमा सचेतनामूलक गोष्ठी, अन्तरक्रिया कार्यक्रम, अभिभावक सल्लाह सत्र तथा शिशु पोषण सम्बन्धी जानकारीमूलक गतिविधिहरू सञ्चालन गरिएका थिए ।
भानु नगरपालिकाका स्वास्थ्यकर्मीहरूले आमाहरूलाई स्तनपानको लाभ, शिशु र माताको स्वास्थ्यमा यसको प्रभाव, र स्तनपानलाई दिगो रूपमा प्रोत्साहन गर्ने उपायबारे जानकारी गराएका थिए ।
कार्यक्रमको समापनमा सहभागी संस्थाहरू र स्वास्थ्यकर्मीहरूले स्तनपानलाई जीवनशैलीको अभिन्न अङ्गका रूपमा आत्मसात गर्न सबैलाई आग्रह गर्दै आगामी वर्ष अझ प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता जनाएका छन्।






## ३१ औं राष्ट्रिय जनजाति दिवस भानु-१० रामपुरेटारमा भव्यताका साथ सम्पन्न

३१ औँ राष्ट्रिय जनजाति दिवस विविध सांस्कृतिक कार्यक्रमका साथ २०८२/०४/२४ गते भानु १० रामपुरेटरमा भव्यतापूर्वक मनाइएको छ। भानु नगरपालिकाका नगरप्रमुख आनन्द राज त्रिपठीज्युको प्रमुख आतिथ्य सम्पन्न उक्त कार्यक्रममा भानु नगरपालिकाका विभिन्न जातजातिले आफ्नो भेषभूषा, संस्कार र संस्कृति झल्काउने झाँकी तथा र्याली प्रस्तुत गरेका थिए। कार्यक्रमको मुख्य उद्देश्य विभिन्न जनजातिहरूबीचको आपसी सद्भाव, एकता र सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्नु रहेको थियो। कार्यक्रमम उपप्रमुख सहित विभिन्न वडाका जनप्रतिनिधि, नगरबासी, पत्रकार लगाएतको उपस्थित रहेको थियो ।





## व्यवसायिक किसानसँग घर-गोठ भेटघाट कार्यक्रम



भानु नगरपालिका प्रमुख प्रशासकीय अधिकृत गौतम भण्डारीज्यूको संयोजकत्वमा २०८२/०४/०७ गते व्यवसायिक किसानहरूको घर–गोठ भेटघाट कार्यक्रमको नविनतम सुरुआत गरिएको छ । कार्यक्रमको पहिलो चरणमा वडा नं. ८, ९ र १० का किसानहरूको घर र फर्ममा पुगेर उनीहरूको अवस्था, समस्या र सम्भावनाबारे प्रत्यक्ष जानकारी लिने कार्य सम्पन्न गरिएको छ। कार्यक्रम अन्तर्गत वडा नं. ८ का दिपक बजगाईंको भैंसीपालनबाट मासिक रु. ५०,००० आम्दानी भइरहेको भेटियो । वडा नं. १० का चिरञ्जीवी लौडारीको नमूना बाख्रापालन फर्ममा करिब ९० वटा बाख्रा रहेको र सो फर्मबाट मासिक रु. ६०,००० बराबरको आम्दानी भइरहेको पाइएको छ ।
त्यस्तै, वडा नं. १० का रामबाबु भुजेल वैदेशिक रोजगारबाट फर्केर एकीकृत कृषि तथा पशुपालनमा समर्पित भएर सफल जीवन यापन गरिरहनु भएको छ । उहाँको फार्ममा भैंसी, गाई, बाख्रा, मौरीपालन, मेवा, कागती तथा विभिन्न तरकारी खेती गर्दै आउनु भएको छ, जसबाट उहाँले मनग्य आम्दानी गर्न सफल हुनु भएको छ ।
यस कार्यक्रममार्फत पालिकाले केवल अवलोकन मात्र होइन, कृषि तथा पशु प्राविधिकहरूको प्रत्यक्ष प्राविधिक परामर्श तथा सहयोग पनि प्रदान गरेको छ । फर्ममा देखिएका समस्या तथा सुधारका उपायहरूबारे किसानहरूलाई प्रत्यक्ष सुझाव दिइएको छ।








प्राबिधिक चेकजाच गर्दै कर्मचारी

वर्ष : २ अङ्क : ३ (श्रावण, भाद्र, आश्विन) मिति : २०८२/०६/३१

## (SuTRA) राजस्व मोड्युल सम्बन्धी २ दिने तालिम सम्पन्न



महालेखा नियन्त्रक कार्यालयले आ.ब. २०८२/०८३ बाट स्थानीय तहहरुलाई SuTRA प्रणालीमा आधारित राजश्व संकलन कार्य पुर्णरुपमा अनिवार्य गर्न निर्देशन दिए अनुरुप भानु नगरपालिकाको आयोजनामा (SuTRA) राजस्व मोड्युल सम्बन्धी दुई दिने तालिम सफलतापूर्वक सम्पन्न भएको छ ।

उक्त तालिममा नगरपालिकाका १३ वटै वडाका कर्मचारीहरू, राजस्व संकलन तथा व्यवस्थापनमा संलग्न शाखाका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो । तालिममा SuTRA प्रणालीको प्रयोग, डिजिटल राजस्व व्यवस्थापन, डेटा अभिलेखीकरण, पारदर्शिता र उत्तरदायित्व विषयमा विस्तृत जानकारी दिइएको थियो । साथै सहभागीहरूलाई क्गत्च्ब प्रणालीमार्फत सेवा प्रवाह गर्ने तरिकाबारे व्यवहारिक अभ्यास समेत गराइएको थियो ।



## भानु नगरपालिका वडा नं. २ मा डेंगु नियन्त्रण तथा जनचेतना कार्यक्रम सम्पन्न



बर्खायामको मौसममा डेंगु रोगको जोखिम उच्च रहने भएकाले भानु नगरपालिकाको वार्षिक कार्यक्रम २०८२/८३ अन्तर्गत "एक स्वास्थ्यकर्मी, एक विद्यालय – एक घण्टा अभियान" सञ्चालन गरिएको छ।

उक्त अभियानअन्तर्गत वडा नं. २ मा पर्ने मनकामना सामुदायिक विद्यालय र होरालो माध्यमिक विद्यालयमा डेंगु रोग सम्बन्धी विद्यालय स्वास्थ्य कार्यक्रम सम्पन्न गरिएको छ।

त्यसैगरी, डेंगु रोग नियन्त्रण तथा समुदायस्तरमा लामखुट्टेको वासस्थान खोजी र लार्भा नष्ट गर्ने कार्यक्रम पनि सम्पन्न गरिएको छ। कार्यक्रममा वडा नं. २ का जनप्रतिनिधि ज्यूहरू, ईलाका प्रहरी कार्यालय नारेश्वरटारका सुरक्षाकर्मी, भानु नगरपालिका स्वास्थ्य शाखाका प्रतिनिधि, तथा विभिन्न सरोकारवाला व्यक्तिहरूको सक्रिय सहभागिता रहेको थियो।

कार्यक्रममार्फत विद्यार्थी र समुदायमा डेंगु रोगको कारण, लक्षण, रोकथाम र नियन्त्रणका उपायबारे जानकारी दिइएको थियो।साथै यो कार्यक्रम सबै वडामा सफलतापूर्वक सम्पन्न भएको थियो।




## आ.व. ०८२/०८३ को नगर कार्यपालिकाको पहिलो बैठक ने मुनि पार्कमा सम्पन्न



हिमवत खण्डमा लेखिए अनुसार प्राचीनकालमा धेरै मुलुकहरू ऋषिमुनिहरूद्वारा तपस्या गरि उनिहरुकै नामबाट ने मुनि पार्क भएको कुरा ऐतिहासिक शिलापत्र उल्लेख गरिएको छ । यसै विषयमा अध्ययन गर्ने क्रममा इतिहासकार ज्ञानमणि नेपाल नेपाल हिन्दू धर्म ग्रन्थ हिमवत खण्ड र श्रीमद् भागवतमा ने मुनिको नाम उल्लेख छ। जसको नामबाट तत्कालीन नेपाल राज्यको सुरुवात भएको थियो । ने मुनि कहाँ जन्मे कहाँ तपस्या गरे भन्ने विषयमा प्राप्त विभिन्न प्रमाणहरू अनुसार ने मुनि जन्मिएको र तपस्या गरेको ठाउँ दमौलीबाट उत्तरपूर्व मर्स्याङ्दी नदीको समीपमा राजा पारको राज्य थियो । जसलाई पाराकोट भनिन्थ्यो । जसको अप्रभंश भई बनेको तनहुँ जिल्लाको पुर्कोट क्षेत्र हो भनेर इतिहासकार नेपाल बताउँछन् ।



त्यसैगरीलमजुङकोजितासप्तधारामाजन्मिनुभएका अनुसन्धानकर्ता शिवराजशर्मा पौडेलले गर्नुभएका विभिन्न अनुसन्धानले पनि ने मुनी तनहुँको पुर्कोटमै जन्मिएर चेपे मर्स्याङ्दी दोभानमा गई तपस्या गरेको कुरालाई प्रष्ट पार्नुभएको छ।

वास्तवमा ने मुनि राष्ट्रिय विभूतिका ऋषि मान्यता तथा उनको जन्मस्थलको संरक्षण तथा प्रवर्धन गर्नु नगरपालिकाको कर्तव्य एवं दायित्व हो भन्ने मननका साथ भानु नगरपालिकाको आ.व.०८२/०८३ को पहिलो कार्यपालिकाको बैठकको प्रारम्भ ने मुनि पार्कमा स्थानीय ज्ञाताहरू संग अवलोकन तथा छलफलका साथ गरिएको छ ।

## भानु नगरस्तरीय प्रधानाध्यापक बैठक शुक्रबार सप्पन्न



भानु नगरस्तरीय प्रधानाध्यापक बैठक यहि मिति २०८२ असोज २४ गते शुक्रबारका दिनसम्पन्न भएको छ । नगर शिक्षा अधिकारी श्री युवराज पौडेलको अध्यक्षतामा बसेको उक्त बैठकमा भानु नगरपालिकाका प्रमुख श्री आनन्दराज त्रिपाठी, प्रमुख प्रशासकीय अधिकृत श्री सुरज श्रेष्ठ, सामाजिक विकास समितिका संयोजक श्री हरिहर उप्रेती, शिक्षा अधिकृत सरस्वती गरूङ् ढकाल, सहायक शिक्षा अधिकृत श्रीकृष्ण त्रिपाठी तथा प्रधानाध्यापकहरूको सहभागिता रहेको थियो ।

बैठकमा देहायका विषयमा छलफल, समझदारी तथा निर्णयहरू भएका छन् ।

क) भर्खरै सम्पन्न शैक्षिक सत्र २०८२ को प्रथम त्रैमासिक परीक्षाको समीक्षा भएको छ भने उक्त परीक्षालाई थप मर्यादित, व्यवस्थित र गुणस्तरीय बनाउनका लागि विभिन्न रचनात्मक सुझाव समेत प्राप्त भएका छन् ।

ख) जिल्ला खेलकुद विकास समिति तनहुँको परिपत्रानुसार यसवर्षको नगरस्तरीय राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता यहि मिति २०८२ कार्तिक मसान्तभित्र सम्पन्न गरिसक्नुपर्ने भएकोले भानु नगरस्तरीय प्रतियोगिता मिति २०८२ कार्तिक २१ देखि २३ गतेसम्म सञ्चालन गर्नका लागि नगरस्तरीय खेलकुद विकास समितिलाई अनुरोध गर्ने निर्णय भएको छ । त्यसैगरी चालु आवको अन्तर विद्यालय शिक्षक मैत्रीपूर्ण खेलकुद प्रतियोगिता मिति २०८२ कार्तिक २८ र २९ गते सञ्चालन गर्नका लागि खेलकुद विकास समितिसमक्ष मिति प्रस्ताव गर्ने निर्णय भएको छ । यसमा पुरूष भलिबल र महिला शिक्षकको हकमा २०० मिटर दौड राख्ने समझदारी समेत भएको छ ।

ग) नगर शिक्षा समितिको निर्णय अनुसार यसअघि नै तय भएको राष्ट्रिय शिक्षा दिवस तथा शिक्षक विद्यार्थी सम्मान कार्यक्रम यहि मिति २०८२ कार्तिक २४ गते आयोजना गर्नका लागि भानु नगर शिक्षा समिति समक्ष अनुरोध गर्ने निर्णय भएको छ । यससम्बन्धी थप विवरण नगर शिक्षा समितिको निर्णय पश्चात सार्वजनिक गरिनेछ ।

घ) विद्यालयसँग सम्बन्धित क्ष्ः क्ष्क ग्उमबतभ गर्ने तथा शिक्षकहरुको प्राविधिक ग्रेड सम्बन्धी केन्द्रका परिपत्रहरुका वारेमा जानकारी गराइएको छ ।

ङ) सामुदायिक विद्यालयमा करार सेवा तथा शिक्षक अनुदान (राहत) कोटामा कार्यरत सम्पूर्ण शिक्षक कर्मचारीहरुको प्रत्येक शैक्षिक सत्रको शुरुमा नियमानुसार म्याद थप गर्नुपर्ने प्रावधानलाई प्रभावकारी र नियमित गराउने क्रममा आगामी त्रैमाासिक माग फाराम पेश गर्ने क्रममा उक्त प्रकृतिका सबै शिक्षक कर्मचारीहरुको विव्यस बाट म्यादथप गरेको निर्णय तथा पत्र मागफारामसँगै अनिवार्य रुपमा पेश गर्ने निर्णय भएको छ ।

नेपाल सरकारले "स्वास्थ्यका लागि खेलकुद "राष्ट्रका लागि खेलकुद" भन्ने नारा तय गरी खेलुकद कार्यक्रमलाई उच्च महत्व दिएको छ । त्यसैगरी खेलकुदको विकास तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गर्ने आधार तथा जगको रुपमा विद्यालयहरु रहेका छन् जसले खेलप्रति सबैको रुची जगाउने र बालबालिकामा अन्तरनिहित प्रतिभा प्रस्फूटन गराउने महत्वपूर्ण आधार तयार गरेका छन् । अतः यस विषयलाई मनन गर्दै सबै विद्यालयहरुले बालबालिकाहरुलाई पठनपाठनको साथसाथै खेलप्रति आकर्षित गर्ने, उनीहरुको रुची र क्षमता अनुसारका खेल गतिविधिमा सहभागी गराउने, उत्प्रेरित गर्ने र क्षमता विकासका लागि अनुकुल वातावरण निर्माण एवं सहजीकरण गर्नु गराउनु हुन हामी सबै विद्यालयहरु तथा समस्त सरोकारवालाहरुलाई हार्दिक अनुरोध गर्दछौं ।